**कार्यपालिका बैठक संख्या नं. ४२** **स्थानः नगरपालिका भवन** **मिति २०८१/१०/२८ गते**

**समयः बिहान ८:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. संघीय सरकारलाई समपुरक तथा विशेष अनुदान कार्यक्रम पेश गर्ने सम्बन्धमा।
४. कर्णाली जनता आवास र विपन्न आवास कार्यक्रमको लागि छनौट भएका लाभग्राहीको नामावली अनुमोदन सम्बन्धमा।
५. द सिटि अफ यूलिस, अमेरिकाको निमन्त्रणा सम्बन्धमा।
६. इन्जिनीयर श्री सुवाष कुमार महतोको पदस्थापन सम्बन्धमा।
७. कर्मचारीहरुको अध्ययन विदा स्वीकृत सम्बन्धमा।
८. खाद्य तथा व्यापार कम्पनी लिमिटेडसंग भएको MOU अनुमोदन सम्बन्धमा।
९. आर्थिक सहायता सम्बन्धमा।
१०. लोगो स्वीकृत सम्बन्धमा।
११. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
१२. जर्खु खानेपानी आयोजनाका लागि जग्गा खरिद सम्बन्धमा।
१३. शारदा नगरपालिकाको कार्यालय, खलंगा सल्यान र प्रमुख प्रशासकीय अधिकृत समेत लाई विपक्षी बनाई दायर भएको “उत्प्रेषण समेतको (०७८-wo-०८२५)” मुद्दामा अख्तियारीनामा दिने सम्बन्धमा।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ४० र ४१ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

(१) शारदा नगरपालिका यूवा नीति, २०८१

(२) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८१

(३) शारदा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

(४) बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

(५) शारदा नगरपालिका पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१

त्यसैगरी तपसीलमा उल्लेखित कानूनहरु अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

(१) गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०८१

(२) लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

**निर्णय नं. ३**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट आ. व. २०८२/८३ का लागि यही मिति २०८१ माघ १६ गते प्रकाशित सूचना बमोजिम संघीय समपुरक तथा विशेष कार्यक्रम तर्फ तपसीलका आयोजनाहरु माग गर्नुका साथै समपुरक तर्फ आ. व. २०८०/८१ र २०८१/८२ मा कार्यान्वयनमा रहेको श्रीनगर बसपार्क तथा मल निर्माणको कार्य यस चालु आर्थिक वर्षको विनियोजित समपुरक कोषबाट सम्पन्न हुने भएकोले तपसीलको नयाँ परियोजना माग गर्ने निर्णय गरियो। एवं आगामी आ. व. २०८२/८३ को समपुरक आयोजनामा समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ को दफा ९(१) र अनुसूची ३ वर्गीकरण 'घ' बमोजिम ५० (पचास) % रकम नगरपालिकाको तर्फबाट सहलगानी गर्ने प्रतिवद्दता जनाउने निर्णय गरियो।

तपसीलः

(क) समपुरक तर्फ

१. खैराबाङ्ग मन्दिर परिसरमा भौतिक संरचना निर्माण - रु. १ करोड ५० लाख

२. रामेखोला कजेरी न्याले सडक निर्माण - रु. १ करोड

३. खत्री पोखरी खेल मैदान निर्माण - रु. १ करोड

(ख) विशेष तर्फ

१. नगर उज्यालो कार्यक्रम - रु. १५० लाख

**निर्णय नं. ४**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ माघ २८ गते**

पूर्वाधार विकास कार्यालय, सल्यानको मिति २०८१।०९।१८ च. न ३१२ को पत्र बमोजिम यस नगरपालिका क्षेत्रभित्र कमश: ६, ७, १४ र १५ नम्बर वडाहरु प्रदेश निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने र बाँकी वडाहरु कमश : १,२,३,४,५,८,९,१०,११,१२ र १३ नम्बर वडाहरु प्रदेश निर्वाचन क्षेत्र नम्बर २ मा पर्ने भएकोले **कर्णाली प्रदेश जनता आवाश कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** को दफा ३ बमोजिम लक्षित वर्गको पहिचान गरी सोही कार्यविधिको दफा ४(१) अनुसार अनुसूची-१ र **कर्णाली प्रदेश विपन्नको घर निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८** को दफा ५ बमोजिम लक्षित व्यक्ति वा परिवारको पहिचान गरी सोही कार्यविधिको दफा ६(१) अनुसार अनुसूची-२ बमोजिम अंक प्रदान गरी विपन्नको घर निर्माण कार्यक्रमका लागि तपशिल बमोजिमका निर्वाचन क्षेत्रहरुमा निम्नानुसारका व्यक्तिहरु छनौट गरी पठाइएको विषय अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

प्रदेश निर्वाचन क्षेत्र नम्बर वडा नम्बर १ ,६,७,१४ र १५

| सि नं. | नाम थर | ना.प्र.नम्बर | वडा नं | सम्पर्क मोबाईल नम्बर | जनता आवाश कार्यक्रम (दलित) | विपन्नको घर निर्माण १ कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विमला बादी | ५५-०१-०७००३९१९ | ६ | ९८५७८४४७१० | जनता आवाश कार्यक्रम (दलित) | — × — | |
| २ | गौरीमाया परियार | ५५-०१-८१-००४०० | १५ | ९८२७६०३३५८ | जनता आवाश कार्यक्रम(दलित) | — × — | |
| ३ | मोहन बस्नेत | ५५-०१-८०-०२५०३ | ७ | ९७०८५३५३९१ | × | विपन्नको घर निर्माण कार्यक्रम | |

प्रदेश निर्वाचन क्षेत्र नम्बर वडा नम्बर-१, २, ३, ४, ५, ८, ९, १०, ११, १२ र १३

| सि नं. | नाम थर | ना.प्र.नम्बर | वडा नम्बर | सम्पर्क मोबाईल नम्बर | जनता आवाश कार्यक्रम(दलित) | विपन्नको घर निर्माण १ कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजिदर बादी | २८७ | १ | ९८४७८४३१८५ | जनता आवाश कार्यक्रम (दलित) | — × — | |
| २ | सुन्दर परियार | ५५-०१-७४-०३०३३ | १० | ९७४८३५५९३० | जनता आवाश कार्यक्रम(दलित) | — × — | |
| ३ | चित्र बहादुर बुढाथोकी | ५५०१३३/२७०५३ | १ | ९८६६९२१३१३ | — × — | विपन्नको घर निर्माण कार्यक्रम | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ माघ २८ गते**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | हुर्मत कुमार शाही | ३९४ | १ | ९८४७९०१५४७ | — × — | विपन्नको घर निर्माण कार्यक्रम | |
| ५ | फौदे वली | २६७०६ | २ | ९८४४९७६०९५ | — × — | विपन्नको घर निर्माण कार्यक्रम | |

**निर्णय नं. ५**

संयुक्त राज्य अमेरकाको THE CITY OF EULESS, TEXAS का उपप्रमुख श्री टिका पौडेलले १४ जनवरी २०२५ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्बोधन गरी स्थानीय सुशासन, पर्यटन र विकास सम्बन्धी अनुभव तथा सहयोग आदान प्रदान गर्ने उद्देश्य राखी यस नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारी समेत देशभरका ५ जना नगर प्रमुखलाई निमन्त्रणा गर्नु भएको, सो भ्रमणले यस शारदा नगरपालिकाको विकास, सम्वृद्धि र सुशासन प्रवर्धनमा टेवा समेत पुग्ने भएकोले नगर प्रमुख श्री प्रकाश भण्डारीलाई उक्त भ्रमणका लागि प्रचलित कानून बमोजिम नेपाल सरकारको सहमति र भ्रमणका लागि आवश्यक Passport, Visa र अन्य आवश्यक कागजात निर्माणमा समन्वय र सहजीकरण गरिदिन हुन भनी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

कर्णाली प्रदेश सरकार, मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. न. १७४९ मिति२०८१/१०/१० को पत्र बमोजिम यस शारदा नगरपालिकाको कार्यालयमा सरुवा भई आउनु भएका इन्जिनीयर श्री सुबाष कुमार महतोलाई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा १५ अनुसार यस नगरकार्यपालिकाको कार्यालय मातहतको पूर्वाधार विकास शाखाको स्थानीय इन्जिनीयरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, इन्जिनीयर पदमा पदस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६९ तथा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ९२(२) बमोजिम शारदा नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत तपसीलमा उल्लेखित कर्मचारीहरुको तलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

| सि. नं. | कर्मचारीको नामथर | कार्यरत संस्था | अध्ययन गर्ने विषय | अध्ययन गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीवराज शर्मा | कजेरी स्वास्थ्य चौकी | BAMS | त्रि. वि., आर्युवेद क्याम्पस, किर्तीपुर | |
| २ | डिला कुमारी वली | कजेरी स्वास्थ्य चौकी | नर्सिङ्ग स्नातक | महाराजगंज नर्सिङ्ग क्याम्पस, काठमाण्डौं | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पूजा गिरी | डाँडागाउँ स्वास्थ्य चौकी | नर्सिङ्ग स्नातक | महाराजगंज नर्सिङ्ग क्याम्पस, काठमाण्डौं | |
| ४ | प्रकाश खड्का | कृषि विकास शाखा | कृषि स्नातक | सु. प. वि. वि., स्कूल अफ एग्रिकल्चर, टीकापुर, कैलाली | |

**निर्णय नं. ८**

दुर्गम क्षेत्रका जनतालाई सहजसुलभ र नियमित/ रूपमा खाद्यान्न उपलब्ध गराउन नेपाल खाद्यको बिक्री तथा खरिद कक्ष स्थापना, खाद्यान्नको सङ्कलन, मौज्दात व्यवस्थापन, ढुवानी, बिक्री तथा बजारीकरण प्रभावकारी बनाउन सहकार्य गर्ने र स्थानीय स्तरमा उत्पादन हुने रैथाने बालीहरूको संकलन, बजारीकरण र बिक्रीको सुनिश्चितताका लागि सहकार्य तथा सहजीकरण गर्ने उद्देश्यका साथ यस नगरपालिका र नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड बीच मिति २०८१ माघ १३ गते भएको द्विपक्षीय सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

शारदा नगरपालिका वार्ड नं १४ स्थायी घर भई रोजगारीको शिलशिलामा कालिकोट जिल्लामा सवारी चालकको रुममा जीप चलाउदै आएकोमा मिति २०८१ कार्तिक २५ आफैले चलाएको जीप दुर्घटना भई मृत्यु भएका धनीराम रावतको शव प्रादेशिक अस्पताल वीरेन्द्रनगर सुर्खेतबाट सल्यानसम्म ल्याउन प्रयोग भएको शारदा मेट्रो अस्पताल शीतलपाटीलाई रु. २०,०००/- (अक्षेरुपी बीस हजार मात्र) र शारदा नगरपालिका वार्ड नं ५ निवासी आर्थिक रुपमा विपन्न मानसिक रोगी श्री राजु वि. क. लाई नीलसागर आश्रम नेपालगंज सम्म लैजादा लागेको गाडी भाडा वापतको रकम रु. १५,०००/- (अक्षेरुपी पन्ध्र हजार मात्र) बजेट पुस्तिकाको सि. न. १९१ खर्च शीर्षक नं २२५२२ बाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो पहिचान सहितको निसान छाप प्रयोग गर्न पाउने अधिकार रहेकोले यस नगरपालिकाले पनि शीरमा प्यागोडा शैलीको आस्थाकी देवी खैराबाङ्ग माई, बीच भागमा कञ्चन रुपमा बगेको शारदा नदी, नदीको दुवै तिर हाम्रो कृषि उत्पादन अदुवा र टिमुर तथा पुछारमा सल्यानी खुकरी रहेको त्रिकोण आकारको निसान छाप (LOGO) स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८१ पौष २० गते देखि हालसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका अन्तर्गत  वडा नं. ५ र १० मा जर्खु सामुदायिक खानेपानी टंकी निर्माणको लागि जग्गा धनी आनन्द शाही र लोक बहादुर कवरले शारदा नगरपालिकाको कार्यालयलाई तपसिल बमोजिमको कि.न. मा रहेको जग्गा विक्री गर्ने भएकोले उक्त जग्गा शारदा नगरपालिकाको कार्यालयले खरिद गर्ने निर्णय गरियो।

तपसिल

| सि.न. | जग्गा धनीको नाम | कि.न. | क्षेत्रफल | साविक गा.वि.स. | हाल शा.न.पा. वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आनन्द शाही | २१६१ | १३०.०० वर्ग मि. | खलंगा-८ | ५ | |
| २ | लोक बहादुर कवर | १२४६ | ५०८.७४ वर्ग मि. | हिवल्चा-९ | १० | |

**निर्णय नं. १३**

सम्मानित श्री सर्वोच्च अदालतमा रिट निवेदक सल्यान जिल्ला  बागचौर न.पा. वडा नं. ३ घर भई कर्णाली प्रदेश शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, खलंगा, सल्यानमा प्रशासन सहायक पदमा कार्यरत बस्ने बर्ष २७ को हरिभक्त भण्डारी समेतले यस शारदा नगरपालिकाको कार्यालय खलंगा र शारदा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत समेतलाई विपक्षी बनाई दायर भएको "उत्प्रेषण समेतको (०७८-wo-०८२५)" मुद्दामा यस शारदा नगरपालिकाको कार्यालय, नगरकार्यपालिकाको कार्यालय तथा प्रमुख प्रशासकीय अधिकृतको तर्फ बाट उक्त मुद्दामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न, कानूनी राय सल्लाह लिन र कानून व्यवसायी नियुक्ति गरी निजहरुको विल बमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारनामा प्रत्यायोजन गर्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ माघ २८ गते**